<u>वैठक संख्याः ४६</u>

आज मिति २०७६।११।२३ गते शुक्रवार विहान ८ः०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरुको उपस्थितिमा वैठक बस्यो ।

**तपशिल**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र सुवेदी | प्रमुख | उपस्थित |
| २ | श्री ढाका कुमारी पराजुली | उपप्रमुख | उपस्थित |
| ३ | श्री चक्र बहादुर खुलाल | सदस्य | उपस्थित |
| ४ | श्री घनश्याम गौतम | सदस्य | उपस्थित |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | उपस्थित |
| ६ | श्री राम कुमार राई | सदस्य | उपस्थित |
| ७ | श्री विश्वबन्धु बस्नेत | सदस्य | अनुउपस्थित |
| ८ | श्री उदय बहादुर राई | सदस्य | उपस्थित |
| ९ | श्री चेत बहादुर बस्नेत | सदस्य | उपस्थित |
| १० | श्री धनपति गौतम | सदस्य | उपस्थित |
| ११ | श्री नगेन्द्र खड्का | सदस्य | उपस्थित |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | उपस्थित |
| १३ | श्री यम बहादुर पोखरेल | सदस्य | उपस्थित |
| १४ | श्री खिनामाया थापा | सदस्य | उपस्थित |
| १५ | श्री गिता शिवा | सदस्य | उपस्थित |
| १६ | श्री बिन्दुकला गुरुङ्ग | सदस्य | उपस्थित |
| १७ | श्री सुनिता चौधरी | सदस्य | उपस्थित |
| १८ | श्री सुजना राजवंशी | सदस्य | उपस्थित |
| १९ | श्री गिता गिरी | सदस्य | उपस्थित |
| २० | श्री शिवनाथ धिमाल | सदस्य | उपस्थित |
| २१ | श्री धन बहादुर शिवा | सदस्य | उपस्थित |
| २२ | श्री प्रदिप शाह | सचिव | उपस्थित |
| | अन्य कर्मचारीहरु | | |
| १ | श्री महेन्द्र खड्का | अधिकृत सातौ | उपस्थित |
| २ | श्री झमक भटराई | अधिकृत छैठौ | उपस्थित |
| ३ | श्री सन्तोष वि.क. | सहायक पाचौ | उपस्थित |
| ४ | श्री दिनेश खड्का | स.क.अपरेटर | उपस्थित |

**प्रस्तावहरु**

१. बेलबारी नगरपालिका खेलकुदको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६
२. बेलबारी नगरपालिका सार्वजानिक सम्पत्तिको संरक्षण, प्रवर्धन तथा व्यवस्थापन गर्न बनेको विधेयक २०७६
३. बेलबारी नगरपालिका बारुणयन्त्र व्यवस्थापन तथा संचालन कार्यविधि २०७६
४. बेलबारी नगरपालिका शव वाहन संचालन कार्यविधि २०७६
५. बेलबारी नगरपालिका शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक २०७६
६. बेलबारी नगरपालिका न्यायिक समिति (कार्यविधि) सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक २०७६
७. बेलबारी नगरपालिका प्रोत्साहनमा आधारित निर्देशिका २०७६ को संशोधन २०७६
८. सयपत्री मल्टिप्रपोज कम्पनी प्रा.लि. बेलबारी १ को "घ" वर्गको निर्माण व्यवसायी ईजाजत सम्बन्धमा ।
९. जनता नमूना मा.वि. बेलबारी ९ को वार्षिक नमूना विद्यालय कार्यक्रम स्वीकृती सम्बन्धमा ।
१०. संस्था दर्ता ऐन २०७६ को दफा ४ (३) बमोजिम नयाँ संस्था दर्ता सम्बन्धमा ।
   क. जाल्पादेवी मन्दिर बेलबारी १०
   ख. स्रष्टा समाज बेलबारी २
   ग. बाहुनी महिला समुह बेलबारी ७
११. रैझार पुल (समपुरक अनुदान), अमना सिसौली निर्माण प्रदेश सरकार (समपुरक अनुदान) र शैक्षिक क्षेत्रको (विशेष अनुदान) सम्बन्धमा
१२. अपाङ्गगता रोकथाम तथा पुर्नस्थापना कार्यक्रम अनुमोदन र संझौता कार्यान्वयन
१३. पन्ध्र शैयाको अस्पताल संचालन सम्बन्धमा ।
१४. विविध
   क. भवन तथा निर्माण कार्यमा व्यवसाय प्रमाणपत्र प्राप्त निर्माण व्यवसायी सम्बन्धमा ।
   ख. संघसंस्था तथा वित्तिय संस्था नियमित गर्ने सम्बन्धमा।
   ग. फोहोरमैला व्यवस्थापन परियोजना, दमकल र सोलार कार्यक्रम संचालन सम्बन्धमा (बेलबारी न.पा., सुन्दरहरैचा न.पा. लेटाङ्ग न.पा., पथरीशनिश्चरे न.पा., कानेपोखरी गा.पा., केरावारी गा.पा. र विक फिल्ड ईन्टरनेशनल बेलायत र लिब्रा टेक्नोलोजि काठमाण्डौ बिच भएको संझौता)
   घ. वडा नं. ६ को कार्यालयलाई प्राप्त जग्गा सम्बन्धा ।
   (६ नं. वडा समितिको मिति २०७६।११।७ गतेको सिफारिस भएनुसार विराटनगर महानगरपालिका वडा नं. १ निवासी विशाल बस्नेतले बाहुनी ३ ख कि.नं. १५४५ को ०-२-१० मध्ये ०-२-० प्राप्त भएको)
   ङ. दरबन्दी श्रृजना र पदपूर्ति सम्बन्धमा
      ह्याभी सवारी चालक-२ जना
      कार्यालय सहयोगी- ३ जना
   च. घरनक्शा अभिलेखिकरण सम्बन्धमा
   छ. संघीय तथा प्रदेश सरकार समक्ष माग गर्ने योजना सम्बन्धमा
   - कोल्डस्टोर
   - आईसिटी सेन्टर
   - फुटवल स्टेडियम
   - जनता आवास कार्यक्रम
   - कृषि क्षेत्रको विशेष कार्यक्रम
   - कृषि मार्ग
   - सामुदायिक भवन
   - हुलाकी राजमार्ग
   - नहरको कालोपत्रे
   - जनमार्ग वडा नं. ३
   - पृथ्वी राजमार्ग वडा नं. ४ र ९ जोड्ने
   ज. पाचौ नगरसभा सम्बन्धमा

## निर्णयहरु

**निर्णय नं. १:** कानून तर्जुमा मस्यौदा समितिको मिति २०७६।११।२२ गतेको सिफारिस भए बमोजिम बेलबारी नगरपालिकाको खेलकुदको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ को दफा ३१ भएको विधेयक स्वीकृतिको लागि नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:** कानून तर्जुमा मस्यौदा समितिको मिति २०७६।११।२२ गतेको सिफारिस भए बमोजिम बेलबारी नगरपालिका सार्वजानिक सम्पत्तिको संरक्षण, प्रबर्धन तथा व्यवस्थापन गर्न बनेको विधेयक २०७६ स्वीकृतिको लागि नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** कानून तर्जुमा मस्यौदा समितिको मिति २०७६।११।२२ गतेको सिफारिस भए बमोजिम बेलबारी नगरपालिका बारुणयन्त्र व्यवस्थापन तथा संचालन कार्यविधि २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** कानून तर्जुमा मस्यौदा समितिको मिति २०७६।११।२२ गतेको सिफारिस भए बमोजिम बेलबारी नगरपालिका शव वाहन संचालन कार्यविधि २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** कानून तर्जुमा मस्यौदा समितिको मिति २०७६।११।२२ गतेको सिफारिस भए बमोजिम बेलबारी नगरपालिका शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक २०७६ को तपशिल बमोजिम हुने गरि स्वीकृतिको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक २०७६**

| साविकमा भएको व्यवस्था | संशोधन हुन पर्ने | कारण |
|---|---|---|
| दफा २.**परिभाषा** (ग) "कोष" भन्नाले यस ऐनको दफा ९० बमोजिमका | दफा २. **परिभाषा** (ग) "कोष" भन्नाले यस ऐनको दफा ९१ बमोजिमका | मूल ऐन र परिभाषाको दफा नमिलेकाले |
| दफा २ **परिभाषा** (ण) "व्यवस्थापन समिति" भन्नाले दफा २७ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ। | दफा २ **परिभाषा** (ण) "व्यवस्थापन समिति" भन्नाले दफा २७ र ३० बमोजिम गठन हुने सामुदायिक तथा संस्थागत विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ। | मूल ऐनको दफा २७ ले सामुदायिक विद्यालयको मात्र जनाउने भएकाले। |
| **दफा (९) को उपदफा** (२) उपदफा (१) बमोजिम विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई अभिभावकको रूपमा अभिलेख राख्दा निजले संरक्षकत्व प्रदान गरेको बेहोरा सम्बन्धित वडाबाट प्रमाणित गराएको हुनुपर्नेछ। यसप्रकार संरक्षकत्व प्रदान गरिएका विद्यार्थीका बाबु, आमा, बाजे, बजै विद्यालय सेवा क्षेत्रभित्रै जीवितै रहेका अवस्थामा त्यस्ता संरक्षकका वि.व्या.स.को पदाधिकारीका रूपमा दफा (२६) को उपदफा (१) को खण्ड (क) अनुसार छनोट हुन पाउने छैनन। | **दफा (९) को उपदफा** (२) उपदफा (१) बमोजिम विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई अभिभावकको रूपमा अभिलेख राख्दा निजले संरक्षकत्व प्रदान गरेको बेहोरा सम्बन्धित वडाबाट प्रमाणित गराएको हुनुपर्नेछ। यसप्रकार संरक्षकत्व प्रदान गरिएका विद्यार्थीका बाबु, आमा, बाजे, बजै विद्यालय सेवा क्षेत्रभित्रै जीवितै रहेका अवस्थामा त्यस्ता संरक्षकका वि.व्या.स.को पदाधिकारीका रूपमा दफा (२७) को उपदफा (१) को खण्ड (क) अनुसार छनोट हुन पाउने छैनन। | मूल ऐनमा दफा नमिलेकाले |
| **दफा २८.**(१) प्रधानाध्यापकले दफा २६ को उपदफा (१) बमोजिमको व्यवस्थापन समितिको छनोट गर्नका लागि | **दफा २८.**(१) प्रधानाध्यापकले दफा २७ को उपदफा (१) बमोजिमको व्यवस्थापन समितिको छनोट गर्नका लागि | मूल ऐनमा दफा नमिलेकाले |

| | | |
|---|---|---|
| दफा ३१ को(ङ) भन्दा तलको वाक्यांश दफा (३०) बमोजिम विद्यालय व्यवस्थापन समिति विघठन भए | दफा ३१ को(ङ) भन्दा तलको वाक्यांश दफा (३१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघठन भए | मूल ऐनमा दफा नमिलेकाल |
| परिच्छेद ७ दफा ४० (१) को क, ख, ग, घ र ङ पछि (५) र (६) | परिच्छेद ७ दफा ४० (१) को क, ख, ग, घ र ङ पछि (२) र (३) | नम्बरको क्रम नमिलेको |
| दफा ५५ को (३) बडादसैँको घटस्थापना देखि पूर्णिमासम्म विद्यालय बन्द रहनेछ । | (३)बडा दसैँको विदा संघीय तथा प्रदेश सरकार वा कार्यपालिकाले तोके बमोजिम हुनेछ । | संधिय तथा प्रदेश सरकारबाट प्रकाशित राजपत्र संग मेल नखाएकाले |
| परिच्छेद- १० छात्रवृत्ति तथा नि:शुल्क शिक्षा सम्बन्धी व्यवस्था | परिच्छेद- ११ छात्रवृत्ति तथा नि:शुल्क शिक्षा सम्बन्धी व्यवस्था | परिच्छेद नमिलेकाले |
| परिच्छेद- ११ बिदा तथा काज सम्बन्धी व्यवस्था | परिच्छेद- १२ बिदा तथा काज सम्बन्धी व्यवस्था | परिच्छेद नमिलेकाले |
| परिच्छेद-१२ विद्यालयको चिन्ह, नामकरण तथा अन्य व्यवस्था | परिच्छेद-१३ विद्यालयको चिन्ह, नामकरण तथा अन्य व्यवस्था | परिच्छेद नमिलेकाले |
| परिच्छेद-१३ विद्यालयको सम्पत्ति संरक्षणसम्बन्धी व्यवस्था | परिच्छेद-१४ विद्यालयको सम्पत्ति संरक्षणसम्बन्धी व्यवस्था | परिच्छेद नमिलेकाले |
| परिच्छेद १४ विद्यालयलाई दिइने अनुदान तथा अन्य व्यवस्था | परिच्छेद १५ विद्यालयलाई दिइने अनुदान तथा अन्य व्यवस्था | परिच्छेद नमिलेकाले |
| परिच्छेद-१५ विद्यालयको बजेट, आय व्ययको लेखा तथा अन्य व्यवस्था | परिच्छेद-१६ विद्यालयको बजेट, आय व्ययको लेखा तथा अन्य व्यवस्था | परिच्छेद नमिलेकाले |
| परिच्छेद- १६ नगर शिक्षा कोषको सञ्चालनसम्बन्धी व्यवस्था | परिच्छेद- १७ नगर शिक्षा कोषको सञ्चालनसम्बन्धी व्यवस्था | परिच्छेद नमिलेकाले |
| परिच्छेद- १७ विविध | परिच्छेद- १८ विविध | परिच्छेद नमिलेकाले |
| **दफा १०६.को** (२) गाउँ नगर कार्यपालिकाले वार्षिक कार्यक्रममा समावेश गरी अन्तरविद्यालय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ । | **दफा १०६.को** (२) नगर कार्यपालिकाले वार्षिक कार्यक्रममा समावेश गरी अन्तरविद्यालय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ । | गाउँ शब्द हटाउन उपयुक्त हुने भएकाले |
| परिच्छेद १७ दफा ११२ (क) दफा १०५ बमोजिमको आचारसंहितामा उल्लिखित कुनै पनि विषय एक पटक उलङ्घन गरेमा प्रधानाध्यापकले नसिहत दिनेछ । | परिच्छेद १७ दफा ११२ (क) दफा १११ बमोजिमको आचारसंहितामा उल्लिखित कुनै पनि विषय एक पटक उलङ्घन गरेमा प्रधानाध्यापकले नसिहत दिनेछ । | दफा नमिलेकाले । |

**निर्णय नं. ६:** कानून तर्जुमा मस्यौदा समितिको मिति २०७६।११।२२ गतेको सिफारिस भए बमोजिम बेलबारी नगरपालिका न्यायिक समिति (कार्यविधि) सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक २०७६ को तपशिल बमोजिम हुने गरि स्वीकृतिको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

तपशिल

| सािवकमा भएको व्यवस्था | संसोधन हुनु पर्ने/थप हुनु पर्ने | आधार/कारण |
|---|---|---|
| दफा ५६. **मेलमिलाप गराउन सक्ने:** (१) समितिले प्रचलित कानुन बमोजिम मिलापत्र गर्न मिल्ने उजुरीमा पक्षहरुबीच मेलमिलाप गराउन सकिनेछ ।<br><br>**दफा ३.** उपदफा २ बमोजि निवेदन दिएमा मेलमिलापबाट उजुरीको निरोपण हुन उपयुक्त हुने देखिएमा समितिले त्यस्तो उजुरी मेलमिलापको माध्यमबाट निरोपण गर्न लेखी पठाउनु पर्नेछ । | उपदफा १(क) उपदफा १ बमोजिम मिलापत्र गराउने प्रयोजनार्थ नगरमा एक र प्रत्येक वडामा एक/एक मेलमिलाप केन्द्र गठन गर्न सकिनेछ ।<br>उपदफा १(ख) उपदफा १(क) बमोजिमको मेलमिलाप केन्द्रमा दफा ६१ बमोजिम योग्यता पुगेका व्याक्तिहरु मध्येबाट नगर मेलमिलाप केन्द्रमा कम्तिमा तिन जना महिला सहित सात जना सदस्य र वडा मेलमिलाप केन्द्रमा कम्तिमा एक जना महिला सहित तिन जना सदस्य रहने गरी मेलमिलापकर्ता छनौट गरी कार्यपालिकाबाट अनुमोदन पश्चात मान्यता प्राप्त संस्थाबाट तालिम प्रदान गरी सुचिकृत गरिनेछ। उक्त सुचिकृत मेलमिलापकर्ता मध्ये पक्षहरुले छनौट गरेका मेलमिलापकर्ताबाट सहजीकरण गरी विवादको निरोपण गर्नु पर्नेछ ।<br>दफा ३ उपदफा (२) बमोजिम निवेदन दिएमा मेलमिलापबाट उजुरीको निरोपण हुन उपयुक्त हुने देखिएमा समितिले त्यस्तो उजुरी सम्बन्धित मेलमिलाप केन्द्रमा मेलमिलापको माध्यमबाट मिलापत्र गराउन लेखी पठाउनु पर्नेछ । | दफा स्पष्ट गरि कार्य गर्न आवश्यक भएकोले |
| **दफा ६१ मेलमिलापकर्ताको सुची तयार गर्ने:** (१)समितिले मेलमिलापको कार्यगराउनका लागी देहाय बमोजिमका योग्यता पुगेको व्यत्तिहरुको विवण खुलाई सम्भावित मेलमिलापकर्ताको सुची तयार गर्नेछः<br><br>क) कम्तिमा माध्यमिक तह उर्तिण गरेका<br>ख) राजनितिमा सक्रिय नरहेको<br>ग) स्थानियस्तरमा समाजसेवीको रुपमा पहिचान बनेको<br>घ) मेलमिलापकर्ताको ४८ घण्टाको तालिम लिई मेलमिलापको कार्य गर्दै आएको<br>ङ) २५ बर्ष उमेर पुरा भएको<br>च) माथी योग्यतामा जुनसुकै कुरा लेखिएको भए पनि तामिल लिई लिई हाल काम गरिरहेको हकमा निजला ई निरन्तरता दिन सकिनेछ ।<br>(२) मेलमिलापकर्ताको सुची तयार गरी सकेपछि समितिले सुची कार्यपालिका समक्ष पेश गरी अनुमोदन गराउनु पर्नेछ । | **दफा ६१ मेलमिलापकर्ताको सुची तयार गर्ने:** (१) नगरस्तरीय मेलमिलाप केन्द्रमा मेलमिलापको कार्य गराउनका लागी समितिले र वडास्तरीय मेलमिलाप केन्द्रमा मेलमिलापको कार्य गराउनका लागी वडा समितिले देहाय बमोजिमका योग्यता पुगेका व्यत्तिहरुको विवरण खुलाई सम्भावित मेलमिलापकर्ताको सुची तयार गर्नेछ ।<br>क) स्थानियस्तरमा समाजसेवीको रुपमा पहिचान बनेको<br>ख) मेलमिलापकर्ताको तालिम लिई मेलमिलापको कार्य गर्दै आएको<br>ग) २१ बर्ष उमेर पुरा भएको<br>घ) माथी योग्यतामा जुनसुकै कुरा लेखिएको भए पनि सम्बन्धित वडामा हाल तालिम लिई सकेका मेलमिलापकर्ताहरु भए उक्त वडाको हकमा मिलिमिलापकर्ता छनौट गर्दा निजलाई प्राथमिकता दिन सकिनेछ ।<br><br>(२) **नगरस्तरीय मेलमिलापकर्ताको छनौटः** नगरस्तरीय मेलमिलाप केन्द्रमा मेलमिलापकर्ता छनौट गर्ने प्रयोजनार्थ नगरभित्र मेलमिलापकर्ता भई कार्य गर्न ईच्छुक व्यक्तिहरुलाई आवेदन दिन १५ दिनको सुचना जारी गरिनेछ<br><br>२(क) उपदफा २ को सुचना बमोजिम आवेदन दिने आवेदकहरु मध्ये समितिले कम्तिमा तीन जना महिला सहित सात जना सदस्य रहेको मेलमिलापकर्ताको सुची छनौट गर्नेछ ।यसरी मेलमिलापकर्ता छनौट गर्दा मेलमिलाप सम्बन्धी तालिम प्राप्त,नगर भित्र सामाजिक कार्यमा क्रियाशिल व्यक्तिहरु, सेवानिवृत्त राष्ट्रसेवक, शिक्षक, प्राध्यापक, समाजसेवी | दफामा स्पष्ट गर्न आवश्यक भएकोले |

| | | |
|---|---|---|
| (३) उपदफा २ बमोजिम सुची अनुमोदन भएपछि समितिले सार्वजानिक जानकारीका लागी सुचना प्रकासन गर्नु पर्नेछ ।तथा मेलमिलापका लागी पठाउँदा प्रत्येक पक्षलाई सो सुची उपलब्ध गराउनु पर्नेछ । | बुद्धिजिवि लगायत सामाजिक सेवाको काम गर्न प्रतिबद्ध र तत्पर आवेदकहरुलाई प्राथमिकता दिनु पर्नेछ ।<br>**(३) वडा स्तरीय मेलमिलापकर्ताको छनौट :** वडा स्तरीय मेलमिलाप केन्द्रमा मेलमिलापकर्ता छनौट गर्ने प्रयोजनार्थ वडा कार्यालयले वडा भित्र मेलमिलापकर्ता भई कार्य गर्न ईच्छुक व्यक्तिहरुलाई आवेदन दिन १५ दिनको सुचना जारी गर्नेछ ।<br>३(क) उपदफा ३ को सुचना बमोजिम आवेदन दिने आवेदकहरु मध्ये वडा समितिले कम्तिमा एक जना महिला सहित तिन जना सदस्य रहने गरी मेलमिलापकर्ताको छनौट गर्नेछ । यसरी मेलमिलापकर्ता छनौट गर्दा मेलमिलाप सम्बन्धी तालिम प्राप्त,स्थानीय समुदायमा सामाजिक कार्यमा क्रियाशिल व्यक्तिहरु, सेवा निवृत्त राष्ट्रसेवक, शिक्षक, प्राध्यापक, स्थानीय समाजसेवी बुद्धिजिवि लगायत सामाजिक सेवाको काम गर्न प्रतिबद्ध र तत्पर आवेदकहरुलाई प्राथमिकता दिनु पर्नेछ ।<br>(४) समिति र वडा समितिले छनौट गरेका मेलमिलापकर्ताको सुची कार्यपालिका समक्ष पेश गरी अनुमोदन गराउनु पर्नेछ ।<br>(५) उपदफा ४ बमोजिम सुची अनुमोदन भए पश्चात मान्यताप्राप्त संस्थाबाट तालिम प्रदान गरी समितिले सार्वजानिक जानकारीको लागी सुचीकृत मेलमिलापकर्ताको सुची प्रकासन गर्नु पर्नेछ । | |
| **७१.मेलमिलाप दस्तुरः** मेलमिलापमा जाने विवादको हकमा मेलमिलापकर्ताले पक्षहरुले सहमतिमा दिन मञ्जुर भएदेखि बाहेक कुनै प्रकारको दस्तुर लाग्ने छैन। तर पक्षहरुको सहमतिमा मेलमिलापकर्ताले पक्षहरुबाट बढीमा रु ५००। लिन पाउनेछ । | **७१.मेलमिलापकर्ताले पाउने सुबिधाः** पक्षहरुबाट छनौट भएका प्रत्येक मेलमिलापकर्तलाई मेलमिलाप सभामा बसी विवाद मेलमिलाप गराए वापत रु ५००।- दरले यातायात र खाजा खर्च स्वरुप नगरकार्यपालिकाबाट प्रदान गरिने छ । | दफामा स्पष्ट गर्न आवश्यक भएकोले |

**निर्णय नं. ७:** कानून तर्जुमा मस्यौदा समितिको मिति २०७६।११।२२ गतेको सिफारिस भए बमोजिम बेलबारी नगरपालिका प्रोत्साहनमा आधारित निर्देशिका २०७६ को संशोधन २०७६ तपशिल बमोजिम हुने गरि स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

| दफा/ उपदफा | साविकमा भएको व्यवस्था | संशोधन/थप हुनु पर्ने विषय | संशोधन गर्नु पर्ने आधार/कारण |
|---|---|---|---|
| दफा ६ को उपदफा १ र २ | उपदफा (१) दैनिक भ्रमणभत्ता पाउने गरि महिनामा ७ दिन भन्दा बढी समयका लागी काजमा खटिएकमा/बिदा लिएमा उक्त अवधिको प्रोत्साहन भत्ता पाउनेछैन ।<br>उपदफा (२) कार्यविधिको परिच्छेद ३ को दफा ५ बमोजिम कार्यसम्पादनको स्तर डि कायम भएका कर्मचारीले प्रोत्साहन भत्ता पाउने छैन । | उपदफा (३) थप गरि "नगरपालिकाले नयाँ नियूक्ती गरेका वा लोकसेवा आयोगबाट सिफारिस भई आएका नयाँ कर्मचारीको हकमा कम्तिमा ६ महिना अवधि सम्म भत्ता पाउने छैन" । | नयाँ नियूक्ति हुने कर्मचारीको परिक्षणकाल पूरुषको हकमा १ वर्ष र महिलाको हकमा ६ महिना भएको हुदाँ थप सुविधा पाउनको लागि कम्तिमा ६ महिना परिक्षणकाल पुरा हुन मनासिव देखिएकोले । |

**निर्णय नं. ८:** बेलबारी नगरपालिकाको निर्माण व्यवसायी ईजाजतपत्र व्यवस्थापन कार्यविधि २०७५ को अनुसूचि ५ बमोजिम सयपत्री मल्टिप्रपोज कम्पनी प्रा.लि. बेलबारी १ ले "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र पाउनको लागि मिति २०७६।०९।०१ गते निवेदन दर्ता गरे अनुसार कार्यविधिको दफा ४(१) बमोजिमको सिफरिस समितिको मिति २०७६।११।२२ को सिफारिस अनुसार उक्त कार्यविधिको दफा ४ को उपदफा ३ बमोजिम सयपत्री मल्टिप्रपोज कम्पनी प्रा.लि. बेलबारी १ लाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र दिने निर्णय गरियो ।

**निर्णय नं. ९:** जनता नमूना मा.वि. बेलबारी ९ को व्यवस्थापन समितिको सिफारिस बमोजिम नमूना विद्यालय विकास गुरुयोजना बमोजिमको आ.व. २०७६/०७७ को वार्षिक कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०:** बेलबारी नगरपालिका संस्था दर्ता ऐन २०७६ को दफा ४(१) बमोजिम विभिन्न मितिमा संस्था दर्ताका लागि निवेदन पेश भएका संस्थाहरुको सोही ऐनको दफा ४(३) नियमानुसार संस्था दर्ता गरि प्रमाणपत्र दिन उचित भएकोले स्वीकृत गर्ने निर्णय गरियो।

तपशिल

क. जाल्पादेवी मन्दिर बेलबारी १०
ख. स्रष्टा समाज बेलबारी २
ग. बाहुनी महिला समुह बेलबारी ७

**निर्णय नं. ११:** बेलबारी नगरपालिकामा चालु आ.व. २०७६।०७७ मा संघिय सरकार राष्ट्रिय योजना आयोग बाट प्राप्त समपुरक अनुदान अन्तर्गतको योजनामा बेलबारी नगरपालिका वडा नं. ८ को रैझार पुल र विशेष अनुदान अन्तर्गत प्राप्त शैक्षिक सुधार कार्यक्रम साथै प्रदेश सरकार बाट समपुरक अनुदान मार्फत प्राप्त बेलबारी नगरपालिका वडा नं. १ मा अवस्थित अमना सिसौली सिमसार परियोजनाको स्विकृत डि.पि.आर अनुसार प्राप्त अख्तियारी प्रचलित कानून र तोकिएको मापदण्ड अनुसार कार्यान्वयन गर्न नगरसभामा अनुमोदनका लागि पेश गर्ने ।

**निर्णय नं. १२:** बेलबारी नगरपालिकामा १ नं. प्रदेश सरकार सामाजिक विकास मन्त्रालय बाट अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम (संचालन निर्देशिका), २०७६ बमोजिम बेलबारी नगरपालिका र करुणा फाउण्डेसन नेपाल विच भएको सम्झौता अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३:** बेलबारी नगरपालिकाको जनघनत्व र बढ्दो शहरीकरणलाई ध्यानमा राखी वडा नं. १ अवस्थित बेलबारी स्वास्थ्य चौकी केन्द्र विन्दुको रुपमा रहेकोले उक्त स्वास्थ्य चौकीलाई नेपाल सरकारको मापदण्ड बमोजिम पन्ध्र शैयाको अस्पताल संचालनका लागि आवश्यक संरचना तयार गरि कार्यान्वयनमा ल्याउने साथै बाहुनी प्राथमिक स्वास्थ्य केन्द्रलाई आवश्यक मापदण्ड र प्रक्रिया पुरा गरि १५ शैयाको अस्पताल निर्माण प्रक्रिया शुरु गर्ने निर्णय गरियो ।

विविध निर्णयहरु

क. बेलबारी नगरपालिकाभित्र निर्माण हुने भवन तथा अन्य निर्माण कार्यलाई गुणस्तरिय र प्रचलित कानुनले तोकेको मापदण्ड बमोजिम सम्पादन गर्न गराउन त्यस्तो निर्माण कार्यमा आधिकारिक निकायबाट व्यवसाय प्रमाणपत्र प्राप्त निर्माण व्यवसायीबाट मात्र गर्ने गराउने निर्णय गरियो ।
ख. नगरक्षेत्रभित्र संचालित संघसंस्था तथा वित्तिय संस्थाहरुबाट कानून बमोजिम नगरपालिकामा दर्ता, नविकरण नियमित नगरेमा त्यस्ता संस्थाहरुको सेवा प्रवाह नगर्ने निर्णय गरियो ।
ग. फोहोरमैला व्यवस्थापन परियोजना, दमकल र सोलार कार्यक्रम संचालन सम्बन्धमा बेलबारी न.पा., सुन्दरहरैचा न.पा. लेटाङ्ग न.पा., पथरीशनिश्चरे न.पा., कानेपोखरी गा.पा., केरावारी गा.पा. र विक फिल्ड ईन्टरनेशनल बेलायत र लिब्रा टेक्नोलोजि काठमाण्डौ बिच २ मार्च २०२० मा भएको संझौता अनुमोदन गर्ने निर्णय गरियो ।

घ. बेलबारी नगरपालिका ६ नं. वडा समितिको मिति २०७६।११।७ गतेको सिफारिस भएनुसार विराटनगर महानगरपालिका वडा नं. १ निवासी विशाल बस्नेतले बाहुनी ३ ख कि.नं. १५४५ को ०-२-१० मध्ये ०-२-० जग्गा निशुल्क बेलबारी नगरपालिकाको ६ नं. वडा कार्यालय निर्माणका लागि प्रदान गरेकोमा दातालाई धन्यवाद दिदै बेलबारी नगरपालिकाको नाममा निशुल्क रजिष्ट्रेशन पासका लागि यस कार्यालयका सहायक पाँचौ श्री लक्ष्मण भट्टराई लाई प्रतिनिधि तोकी बेलबारी मालपोत कार्यालय बेलबारी मोरङलाई अनुरोध गर्ने निर्णय गरियो ।

ङ. बेलबारी नगरपालिकामा बारुणयन्त्र र शव वाहन संचालन तथा वडा नं. २, ३ र १० मा आधारभूत स्वास्थ्य केन्द्र संचालनको लागि तपशिलको सेवा करारको दरबन्दी श्रृजनाको लागि नगरसभामा सिफारिस गर्ने र देहायको पदपुर्ति समिति गठन गरी पदपुर्ति प्रकृया अगाडि बढाउने निर्देशन गरियो ।

**तपशिल**

- ह्याभी सवारी चालक -२ जना
- कार्यालय सहयोगी- ३ जना

<u>पदपुर्ति समिति</u>

संयोजकः श्री प्रदिप शाह प्रमुख प्रशासकिय अधिकृत
सदस्यः श्री महेन्द्र खड्का
सदस्यः श्री झमक भटराई
सदस्यः श्री सन्तोष वि.क.
सदस्य सचिवः श्री बलराम गौतम

च. यस नगर क्षेत्रभित्रका बेलबारी नगरपालिका स्थापना हुनु पुर्व र नगरपालिका स्थापना भएपछि कानून बमोजिम नक्शापास नगरी बनेका संरचनाहरुको हकमा चालु आ.व.को असार मसान्तसम्मको लागि नगरपालिका स्थापना हुनु अघि लाग्ने जरीवाना सरह असुल गरि नियमानुसार घरनक्शा अभिलेखिकरण गर्ने गराउने निर्णय गरियो ।

छ. बेलबारी नगरपालकाको विकास र प्रबर्धनमा महत्व बोकेका तपशिल बमोजिमका योजनाहरु संचालनको लागि संघीय तथा प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

- कोल्डस्टोर
- आईसिटी सेन्टर
- फुटवल स्टेडियम
- जनता आवास कार्यक्रम
- कृषि क्षेत्रको विशेष कार्यक्रम
- कृषि मार्ग
- सामुदायिक भवन
- हुलाकी राजमार्ग
- नहरको कालोपत्रे
- जनमार्ग वडा नं. ३
- पृथ्वी राजमार्ग वडा नं. ४ र ५ जोड्ने

ज. बेलबारी नगरपालिकाको हिउदे पाँचौ नगरसभा यहि मिति २०७६।११।२९ गते विहान ११:०० बजे गर्ने निर्णय गरियो ।